स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दशैंको फूलपातीबाट प्रदर्शनमा आएको फिल्म '१२ गाउँ' घरेलु बक्स अफिसमा कीर्तिमान बनाउने बाटोमा छ । फिल्मप्रति दर्शकको क्रेज हेर्दा तिहार विदाभित्र 'कबड्डी ४'ले बनाएको लगभग २३ करोडको ऐतिहासिक रेकर्ड तोडिन सक्ने देखिन्छ । तेस्रो हप्ताको शनिबारसम्म फिल्मले १९ करोडको आँकडा नघाएको छ । फिल्मको अनपेक्षित सफलताले फिल्म क्षेत्र नै आश्चर्यमा छ ।

**आजको विचार...**



रामलाई...

*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे

फिल्म "पूर्णबहादुरको सारंगी" बिहीबारदेखि प्रदर्शन हुँदैछ । लक्ष्मीपूजो दिन यो फिल्म देशव्यापी र एक सातापछि विश्वभर प्रदर्शनमा आउने निर्माताले जनाएका छन् । आइतबार आयोजित पत्रकार सम्मेलनमा "कास्ट एण्ड क्रू"ले फिल्मको प्रदर्शन र शिल्पबारे जानकारी दिए । निर्देशक सरोज पौडेलले फिल्मले बाबु र छोराबीचको भावनात्मक सम्बन्धको कथा पेश गर्ने बताए । "पूर्णबहादुरको सारंगी जुम्लाको स्याउ जस्तै हो, जसको महत्व यतिबेला चाडपर्वमा धेरै छ" स्याउलाई विम्ब बनाएर निर्देशक पौडेलले भने ।



❐ वर्ष ३० ❐ अंक ९९ ❐ २०८१ कार्तिक १२ गते सोमबार 28 October 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा १० को मृत्यु

(रासस/एएफपी)

**तेहरान,** कात्तिक १० /लामो समयदेखि अशान्तिले ग्रस्त रहेको दक्षिणपूर्वी इरानको एउटा क्षेत्रमा भएको 'आतङ्कवादी' आक्रमणमा कम्तीमा १० प्रहरी अधिकारीको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन् ।

आक्रमण राजधानी तेहरानबाट करिब एक हजार २०० किलोमिटर (७४५ माइल) दक्षिणपूर्वमा सिस्तान-बलुचिस्तान प्रान्तमा भएको उक्त आक्रमणको तत्काल कुनै समूहले जिम्मेवारी लिएको छैन । सिस्तान-बलुचिस्तान प्रान्त पाकिस्तान र अफगानिस्तानको सिमानामा पर्छ र इस्लामिक गणतन्त्रको सबैभन्दा गरिब प्रान्तमध्ये एक हो । यस प्रान्तमा इरानी सुरक्षा बल र बलुच अल्पसंख्यक विद्रोही, कट्टरपन्थी सुन्नी समूह र लागूऔषध तस्करबीच बारम्बार झडपहरू भइरहेका छन् । शनिबारको आक्रमण पछिल्ला महिनाहरूमा यस क्षेत्रमा भएको सबैभन्दा घातक आक्रमणमध्ये एक थियो । अक्टोबरको सुरुमा दुईवटा छुट्टाछुट्टै आक्रमणमा प्रान्तमा प्रहरी अधिकारीसहित कम्तीमा छ जनाको मृत्यु भएको थियो । पाकिस्तानी सुन्नी जिहादी समूह जैश अल-अदल - आर्मी अफ जस्टिस इन अरेबिकले टेलिग्राममा सन्देश पठाउँदै दुई आक्रमणको जिम्मेवारी लिएको छ । सन् २०१२ मा बलुच पृथकतावादीहरूले गठन गरेको समूहलाई इरान र संयुक्त राज्य अमेरिका दुवैले आतङ्कवादी सङ्गठन मान्छन् ।

## डहरे खोलामा मोटरेवल पुलको शिलान्यास

# विकासमा राजनीति नगरौं : सांसद भण्डारी

हाम्रा संवाददाता

**गुल्मी,** कार्तिक ११/गुल्मी क्षेत्र नं.१ का सांसद तथा नेपाली काँग्रेसका प्रभावशाली नेता डा. चन्द्र भण्डारीले विकास योजनामा राजनीति नगर्न आग्रह गरेका छन् । आइतबार गुल्मी क्षेत्र नं. १ का विभिन्न ठाउँमा भएका कार्यक्रमलाई सम्बोधन गर्दै नेता भण्डारीले मुलुकको परिवर्तनका लागि विकास निर्माणमा भइरहेका अनावश्यक राजनीतिको अन्त्य गर्नुपर्ने बताएका हुन् ।

आफूले विकास योजनाका लागि पहल गर्दै आए पनि अघिल्ला सरकारले बजेट विनियोजन नगर्दा समस्या भएको बताउँदै विकासका योजनामा जो सुकैले पहल र सुरु गरे पनि त्यसलाई निरन्तरता दिनुपर्ने धारणा उनले व्यक्त गरे । 'जनता सबैका साझा हुन् । विकास सबैका लागि चाहिन्छ,' नेता भण्डारीले भने, 'त्यसैले विकास निर्माणका काममा राजनीतिक तिक्तता राख्न हुँदैन ।' देश विकासको सवालमा जनतादेखि राजनीतिक दल, स्थानीय सरकारदेखि संघीय सरकार सबै एकजुट भएर अघि बढेमा विकास निर्माणले ठूलो फड्को मार्ने उनको भनाइ छ । नेता



भण्डारीले गाउँ-गाउँबाट रोजगारीका लागि गाउँ छाड्नेक्रम बढेर गाउँघर रित्तिँदै गएकाले गाउँघरमै रोजगारीको सिर्जना गरी गाउँ विस्थापित हुनबाट जोगाउनुपर्नेमा जोड दिए ।

उनले सत्यवती गाउँपालिका -६ डहरे खोलामा आइतबार मोटरेवल पक्की पुलको शिलान्यास गर्दै यस क्षेत्रका जनताका समस्यालाई मध्ये नजर गरेर हिउँद, बर्षा बाह्रै मास यातायातका साधन निर्वाध रुपमा चल्ने गरी पुल निर्माणको काम अगाडि बढेको बताए ।

भण्डारीले छिट्टै पुल निर्माण हुने विश्वास दिलाए । कार्यक्रममा राष्ट्रियसभाकी सांसद विष्णु सापकोटाले डहरेखोलामा पुल बने पछि यो क्षेत्रकै विकासमा नयाँ आयाम थपिएको बताईन् । लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले माननीय सांसद भण्डारीको पहलबाट भएको यो काम अत्यन्त्यै प्रशंसनिय रहेको धारण व्यक्त गरे ।

शिलान्यास कार्यक्रममा प्रदेश सांसद चिन्तामणी पाण्डेय, यमु गैरे, नेपाली काँग्रेसका जिल्ला सभापति एवं रेसुङ्गा नगरपालिकाका नगर प्रमुख खिलध्वज पन्थी, जिल्ला समन्वय समितिका प्रमुख द्रोण खत्री, सत्यवती गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेय लगायतले पुल शिलान्यासपछि कामले गति लिनुपर्नेमा जोड दिए । भण्डारीले विधिवत पूजा गर्दै पुलको शिलान्यास गरेका हुन् । डहरे खोलामा मोटरेवल पुलको शिलान्यास भएसँगै पुल नहुँदा लामो समयदेखि सास्ति भोगी रहेका यस क्षेत्रका जनताको भावनालाई केही हदसम्म भए पनि सम्वोधन भएको छ । भण्डारीकै पहलमा यहाँ पुल निर्माण हुन लागेको हो । रिडी, रुद्रवेणी, बुर्तिवाङ सडकमा पर्ने डहरे खोलामा पुल नहुँदा पैदल यात्री र सवारी साधनलाई ठूलो जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । नेता भण्डारीले पुल निर्माण गर्न बजेट विनियोजनका लागि पहल गरेका थिए । पुल शिलान्यासले यस क्षेत्रका आम नागरिकमा सहज हुने आशा पलाएको गाउँपालिकाका प्रमुख प्रशासिक्य अधिकृत कमल भुषालले बताए ।

२०३६ सालमा सञ्चालित यो यो सडकमा पर्ने नादेवा, भार्से, डहरे, गिदी खोलाका लागि यो बर्ष सडक विभागले २२ करोडको बजेट विनियोजन गरेको छ । डिभिजन सडक कार्यालय पाल्पा अन्तर्गत पुलको राजेश्वरी कन्सट्रकक्सन प्रालि, छत्रकोटले ठेक्का लिएको हो । नेता भण्डारीले रूरू क्षेत्र गाउँपालिकाको घ्यूवेसीमा आयोजना गरिएको नेपाली काँग्रेस गुल्मीको पालिकास्तरीय प्रशिक्षण, छत्रकोट गाउँपालिका -१ हुंगामा तोल्गा भगवती युवा क्लवले आयोजना गरेको क्रिकेट खेलको समापन लगायतका कार्यक्रमलाई सम्बोधन गरेका थिए ।


## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-**

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिबाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पँचास हजार रूपैंयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिबाना,

-जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुने लगायतका कानूनी व्यवस्था छ ।

**त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कारवाहीबाट बचौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## मखनटोल टोल विकासले सञ्चालन गऱ्यो तिहार बजार

कृष्ण पोखरेल

**पाल्पा,** कार्तिक ११/मखनटोल टोल विकास संस्थाले तिहारलाई लक्षित गरी तिहार बजार सञ्चालन गरेको छ । तिहार भाईटिकाको लागि चाहिने आवश्यक फूल, माला, टिका, भाईमसला, ओखर काजु बदाम, गढी छोडा ल्याङ, सुपारी, सप्तरंगी टिका, विभिन्न प्रकार रोटीका परिकार, ढाका टोपी, कपडाहरुको स्टल एकै स्थानमा राखी तिहार बजार सञ्चालन गरेको हो ।

गत बर्षैदेखी मखनटोल टोल विकास संस्थाले तानसेनमा तिहार बजार सञ्चालन गर्दै आएको छ । तिहारका लागि आवश्यक बस्तु चिउरीको पात, सिन्का विविरा, विभिन्न किसिमका फलफूलहरु, मिठाईहरु समेत विभिन्न स्टलहरुमा राखिएका थिए । फिनिया रोटी त तानसनेकै पुरानो रोटीको परिकारमा परिचित रहेको छ । तानसेन नगरपालिकाका भित्रको नमुना टोल



विकास संस्थाको रुपमा रहेको मखनटोल टोल विकास संस्थाले तिहार बजारको लागि विभिन्न सरसमान देखी लाउने, खाने, सजाउने, जस्ता सरसमानहरुको करीव ३५ वटा स्टहरु सञ्चालन गरेको संस्थाकी अध्यक्ष ज्ञानु कार्कीले बताईन ।

तिहार बजारमा करीव ५ लाख बराबरको कारोबार भएको संस्थाकी पूर्व अध्यक्ष ज्योती राजभण्डारीले बताईन । आइतबार विहान ११ बजे देखी सञ्चालन भएको तिहार बजार बेलुका सम्म चलिरहेको थियो ।

तिहार बजारमा सबै किसिमका सरसमानहरु किनमेल गर्न पाएकोमा खुसी लागेको बगनासकाली -१ चिर्तुङ्गधारीकी विमली थापाले बताईन् । मखनटोलको तेस्रो सडकमा सञ्चालन भएको तिहार बजारलाई व्यस्थित रुपमा सञ्चालनको लागि संस्थाका पदाधिकारी, सदस्यहरु विहानै देखी खटिएका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बाढीपहिरो पीडितलाई तत्काल गाँस-बासको व्यवस्था गर

अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबार गुमाएकाहरूको एक महिना बितिसकेको छ । यतिका दिनसम्म उनीहरुका लागि न गाँसको राम्रो प्रवन्ध हुन सकेको छ न त बाँसको नै । बाढीपहिरो प्रभावितहरू अझै पनि पाटी, वृद्धाश्रमदेखि आफन्तकहाँ शरण लिएर बस्न बाध्य छन् । राहत र पुनःस्थापनाको आसमा बसेको महिना दिन हुँदा पनि सरकारले राहतका कार्यक्रम ल्याउन सकेको छैन् । यो अत्यन्त दुःखको कुरा हो ।

हालसम्म सार्वजनिक भएको बाढीपहिरोले निम्त्याएको क्षतिको विवरणअनुसार २ सय ४२ जनाको मृत्यु भएको देखिन्छ । २२ जना बेपत्ता र १ सय २८ जना गम्भीर घाइते भएको तथ्यांक सार्वजनिक छ । एक हजार सात सय घर पूर्ण रूपमा क्षति भएका छन् । हजारौं परिवार विस्थापित भएका छन् । चाडपर्वको मुखमै मानिसहरु पीडामा बस्नु परेको अवस्था छ । यस विषयलाई राज्यले गम्भीररुपमा लिनुपथ्र्यो तर त्यसो हुन सकेको छैन् । सरकार र राजनीतिक दलहरु सत्ता जोगाउने र भत्काउने खेलमै सिमित हुँदा आम नागरिकले थप पीडा भोग्नु परेको छ । यो अत्यन्त विडम्वना हो ।

बेलाबखत आउने वर्षाले यसरी क्षति पुर्‍याउँछ भनेर अनुमान नभएको पक्कै होइन । तर पनि अव्यवस्थित शहरीकरण तथा ठेकेदार र बिचौलियालाई पोस्ने गरी सडक निर्माणलगायतका कार्यले पनि विपत्बाट हुने क्षति बढाएको छ । यसतर्फ अब पनि नसोच्ने हो भने हरेक विपद्मा हुने क्षति निरन्तर बढिरहनेछ । त्यसबाट समुदायको पिँधमा रहेका गरिब तथा सीमान्तकृत जनता अझ शोक, भोक र कष्टमा बाँच्न बाध्य हुनेछन् । विपद्लाई रोक्न सकिन्न तर विपद्बाट सिर्जित मानवीय तथा भौतिक क्षतिलाई प्रयास गरेमा न्यूनीकरण भने अवश्य गर्न सकिन्छ । हरेक विपद्ले सिकाउने यो सन्देशलाई बेवास्ता गर्दाको परिणाम हरेक विपत्तिमा अकाल मृत्यु र भौतिक संरचनाको नोक्सान व्यहोरिरहनु परेको छ । सरकारले हरेक विपद्बाट हुने क्षतिबाट पाठ सिकी सोही अनुसार तयारी गर्नुपर्छ । अहिले अवस्थामा सरकारले पीडितहरुको गाँस, बाँसको व्यवस्था गर्नेतर्फ ढिला गर्नु हुँदैन । जनताको अभिभावक भनेकै सरकार हो । यसर्थ दुःख र पीडामा परेका जनताको लागि तत्काल गाँस र बाँसको व्यवस्था गर्नतर्फ सरकारको ध्यान जाओस् ।

## Opinion @ Social Network

संसार रङ्गिन देख्नुछ भने मुस्कुराएर हेर्नुस्,
परेलिभित्र आँसु हुंदा त ऐना पनि धमिलो देखिन्छ !!
(अंमर थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.amar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रामलाई सत्ताको लोभ



**डा. गणेशप्रसाद घिमिरे**

*राम कर्तव्य निर्वाहका लागि चौध वर्षको वनवासमा निस्के । अयोध्यामा राजतिलक गर्ने अवस्थामा नै उनलाई उनकी विमाताले दशरथसित वरदान माग्ने आधारमा चौध वर्ष वनवास पठाइन् । पिताको आज्ञालाई उनले माने र वनवासतिर लागे । उनलाई अयोध्यामा नै फर्काएर ल्याउने उद्देश्यले भरत उनलाई लिन वनमा पुगे । भरतको प्रयासलाई दाजुप्रतिको अटल आस्था मान्न सकिन्छ । भरतलाई सत्ताप्रतिको मोह हुन्थ्यो भने उनले कहिले पनि रामलाई अयोध्याको राजा बनाउने अभिलाषा राख्दैनथे । आफू नै सत्तासीन बनेर बसेका हुन्थे तर त्यसो भएन ।*

सत्ता आफैंमा असल पनि हो अवसर पनि । सत्ताको स्वादमा परेको व्यक्ति सत्ताबाहिर हुन सक्दैन । उसका लागि सत्ता नै सबैभन्दा उत्तम उपाय हो । दाम कमाउने वा जनताको सेवा गर्ने । यही उपायको खोजीमा आजको संसारको राजनीति विकसित छ । संसारको राजनीति सत्ता केन्द्रित छ । सत्तासीन व्यक्तिका लागि कतिपय अवस्थामा देश र जनता मुख्य केन्द्रमा रहेका हुन्छन् । तर कतिपय अवस्थामा भने आफू र आफ्नो स्वार्थ नै सत्ताको घेरामा सक्रिय रहेका हुन्छन् । यही हो सत्ता र सत्ताबाट विकसित खेल पनि । राजनीति गर्ने व्यक्तिका लागि सत्ताको स्वाद गतिलो नै हुन्छ । देश जनता र आफ्नो धर्म, कर्म गर्ने व्यक्तिका लागि सत्ताले खाशै महत्व राख्दैन । महत्व सत्ताको होइन कर्तव्य र आफूले निर्वाह गर्ने भूमिकाको रहेको हुन्छ ।

राम कर्तव्य निर्वाहका लागि चौध वर्षको वनवासमा निस्के । अयोध्यामा राजतिलक गर्ने अवस्थामा नै उनलाई उनकी विमाताले दशरथसित वरदान माग्ने आधारमा चौध वर्ष वनवास पठाइन् । पिताको आज्ञालाई उनले माने र वनवासतिर लागे । उनलाई अयोध्यामा नै फर्काएर ल्याउने उद्देश्यले भरत उनलाई लिन वनमा पुगे । भरतको प्रयासलाई दाजुप्रतिको अटल आस्था मान्न सकिन्छ । भरतलाई सत्ताप्रतिको मोह हुन्थ्यो भने उनले कहिले पनि रामलाई अयोध्याको राजा बनाउने अभिलाषा राख्दैनथे । आफू नै सत्तासीन बनेर बसेका हुन्थे तर त्यसो भएन । रामलाई लिन पुगेका भरतका साथ गएका जाबालि ऋषिले रामलाई सबैभन्दा प्यारो सत्ता हो भन्ने भावना बाहिर ल्याए । उनले रामलाई सत्ताको लोभ देखाए ।

**जाबालीको कथन**

जाबाली ऋषि हुन् । भरतको आग्रह अस्वीकार गर्ने रामलाई जाबालीले सम्झाएका छन् । उनले रामलाई भनेका छन् :

***तस्मान्माता पिता चेति राम सज्जेत यो नरः***
***उन्मत्त इव स ज्ञेयो नास्ति कश्चिद्धि कस्यचित् ।।***

मानिस बुबाआमा सम्झेर कसैप्रति आसक्त हुन्छ त्यो मानिस पागल हो । यो संसारमा कोही केही कसैको पनि होइन र हुने पनि छैन । संसारमा मानिस एक्लै आयो र एक्लै जाने हो तर संसारको सबैभन्दा महत्व धन र सत्ता हो । सत्ताको सुखभोग नगर्ने रामलाई जाबालीका यी अभिव्यक्ति हुन् । पिताको आज्ञा मानेर वनवासमा आएका रामलाई जाबाली भन्छन् :

***पित्र्यं राज्यं समुत्सृज्य स नार्हसि नरोत्तम***
***आस्थातुं कापथं दुःखं विषमं बहुकण्टकम् ।।***

हे नरश्रेष्ठ राम ! तपाईं पिताको राज्यलाई छोडेर यो दुःखले भरिएको, काँडाहरूबाट सजिएको यो वनको भ्रमणलाई किन रुचाउनुभयो । यो व्यवहार हजुरका लागि उपयोगी देखिँदैन । राज्यको सुखलाई त्यागेर वनको वास उपयोगी र हितकारक पनि होइन । अयोध्या समृद्धशाली राज्य हो । उक्त राज्यले तपाईंको प्रतिक्षा गरिरहेको छ भन्दै जाबाली भन्छन् :

***समृद्धायामयोध्यायामात्मानमभिषेचय***
***एकवेणीधरा हि त्वा नगरी सम्प्रतीक्षते ।।***

समृद्धशाली अयोध्या हजुरको प्रतीक्षामा छ । हजुर उक्त राज्यको शासनमा बसेर जनताको सेवा गर्नुहोस् । जनताको सेवा नै राजनीतिको अति सबल पक्ष हो । अयोध्या राज्यको सञ्चालन गर्नु हजुरको पहिलो आधार हो । जन्म र मृत्यु सत्य हो । यो सत्यसित कोही पनि भाग्न मिल्दैन । मानिस संसारका एक्लो आयो र एक्लै जाने हो । कोही कसैको होइन भन्दै जाबाली भन्छन् :

***न ते कश्चिद् दशरथस्त्वं च तस्य च कश्चन***
***अन्यो राजा त्वमन्यस्तु तस्मात् कुरु यदुच्यते ।।***

राजा दशरथ हजुरका कोही पनि होइनन् । हजुर पनि उनका कोही होइन । तपाईं अर्कै हो उनी अर्कै हुन् । त्यसैले म जे भन्छु त्यो गर्नुहोस् । यो जाबालीको रामलाई अयोध्यामा लैजाने अभिव्यक्ति थिए । जाबालीका अभिव्यक्तिमा स्वार्थ छ । स्वार्थले भरिएको भावना छ ।

मानिसको कर्तव्यभन्दा पनि उसले भोग्ने समाजको आशा छ । यही आधारमा रामलाई जाबालिले भनेका अभिव्यक्ति हुन् यी । जाबाली ऋषि हुन् । ऋषिका वाणीमा देखिएको यो अभिव्यक्ति पक्कै पनि स्वार्थ कोन्द्रित देखियो । मानिसलाई सत्ताको मोहमा फसाउने र सत्ता केन्द्रित राजनीतिको अवस्थालाई जाबालिले रामका अघि राखेको देखिन्छ । भरत आफैंमा सत्ताका लोभी थिएनन् । उनले आफूले राज्य नगर्ने अठोट लिएका थिए । त्यही सन्दर्भमा रामलाई लिन जाने भरतका साथ गएका जाबालिले यी अभिव्यक्ति रामका अघि राखिदिएका थिए । जाबालिका नास्तिक थिए वा रामलाई गलत मार्गमा प्रवृत्त गराउन लागिपरेका थिए । जाबालीका वचनमा सत्य छैन । उनले कर्तव्यपथमा चलेको व्यक्तिलाई कर्तव्यच्युत गराउने आधार बाहिर ल्याए ।

**सत्ता सबै होइन**

राम आफैंमा मर्यादापुरुष हुन् । रामका लागि सत्ता सबैभन्दा कमजोर कडी हो । उनलाई सत्ताको मोह थिएन । सत्ताको साँचोमा नढालिने उनी र उनको भावना पिताको आज्ञा पालन र पिताप्रतिको दृढ आस्थामा केन्द्रित थियो । त्यही आस्थाका कारण उनले आफूलाई कहिले पनि सत्ताको केन्द्रमा राखेका थिएनन् । जाबालीका अभिव्यक्तिले रामको कर्तव्यपालनलाई कमजोर बनाउन सकेन । रामले जाबालीको प्रश्नको उत्तर यसरी दिएका छन् ।

***सोऽहं पितुर्निदेशं तु किमर्थं नानुपालये***
***सत्यप्रतिश्रवः सत्यं सत्येन समयीकृतम ।।***

म सत्यप्रतिज्ञ हुँ । सत्यको कसम खाएर पिताको वचनलाई पालन गर्न आएको हुँ । यो अवस्थामा मेरो पहिलो कर्तव्य पिताको आज्ञाको पालन गर्नु हो । मानिसको कर्तव्यप्रतिको आस्थालाई भत्काउन प्रयास गर्ने जाबालिप्रतिको अभिव्यक्तिलाई रामले सन्देश दिएका छन् । सत्ता सबै होइन । मानवीय कर्तव्यका माध्यमबाट आफूलाई बाहिर ल्याउनु मानवीय धर्म रामले मानेका छन् । म सत्यमा अडिग रहेको मान्छे । सत्यबाट विचलन हुन म सक्दिन । सत्ताको लोभमा म कहिले पनि फस्दिन भन्दै राम भन्छन् :

***नैव लोभान्न मोहाद् वा न चाज्ञानात्तमोद्रन्वितः***
***सेतुं सत्यस्य भेत्स्यामि गुरोः सत्यप्रतिश्रवः ।।***

सत्यलाई पालन गर्ने प्रतिज्ञा गरेर म आएको हुँ । लोभ र मोहको वसमा परेर म पिताको आज्ञा वा वचनबाट विमुख हुन सक्दिन । मानिसको पहिलो काम उसले आफ्नो कर्तव्यलाई निर्वाह गर्नु हो । कर्तव्यको पथमा चल्ने मानिसका लागि यी सबै कुरा स्वतः प्रकट भएर आएका हुन्छन् । त्यसैले सत्यको पालन नै मेरो पहिलो प्राथमिकता हो भन्ने धारणालाई रामले यहाँ उल्लेख गरेका छन् । सत्य मानिसका लागि सबैभन्दा उच्च मर्यादा हो । यो मर्यादालाई निरन्तर पालन गर्ने हो भने मानिसका लागि सबै वस्तु तुच्छ मानिएका छन् । मर्यादाको पालन गरेर बस्ने मानिसलाई यी सबै कुरा स्वतः उपस्थित हुन्छन् भन्ने सन्दर्भलाई उल्लेख गर्दै राम भन्छन् :

***भूमिः कीर्तिर्यशो लक्ष्मीः पुरुषं प्रार्थयन्ति हि***
***सत्यं समनुवर्तन्ते सत्यमेव भजेत् ततः ।।***

पृथ्वी, कीर्ति, यश र लक्ष्मी यी सबै सत्यवादी पुरुषलाई वरण गर्ने चाहनाले अभिप्ररित हुन्छन् । सत्यको बाटोमा हिँड्नु नै मानिसको सबैभन्दा उत्तम उपाय हो । जबालिले रामलाई सत्ता नै सबै हो भन्ने भावनामा आफूलाई राखे । सत्ताको सुख भोग अयोध्याको राजसत्तालाई समालेर आफूलाई भाग्यमानी बनाउन आग्रह गरे । सत्तामा रमाउन नसक्ने मानिस संसारमा सबैभन्दा बढी कमजोर हुने तर्कसमेत उनले राखे । सत्ताको स्वादमा रमाउनु नै मानिसको कर्तव्यका रूपमा उनले स्वीकार गरे । संसारमा कोही आफ्नो हुँदैन । आफूले चाहेजस्तो केही पनि हुँदैन । त्यसैले मानिसको सबैभन्दा सत्य सत्ता जाबालिले मानेको देखिन्छ ।

जाबालिको प्रश्नको उत्तरमा रामले मानिसको कर्तव्यलाई नै पहिलो जीवनको आधार माने । रामले जुन तरिकाले जाबालिको प्रश्नको आधार माने त्यो नै मानिसको पहिलो कर्तव्य मानिएको देखिन्छ । मानवीय कर्तव्यका अघि सत्ताको स्वाद कमजोर हुने तर्कलाई रामले राखे । राजनीति झुठको खेती मान्ने आजको समाजमा रामका अभिव्यक्ति कमजोर मानिएका छन् । जसरी पनि सत्तामा पुग्ने र बसिरहने प्रवृत्तिका अघि जाबालि नै सत्य सावित भएका छन् आजको राजनीतिमा । जाबालिको भनाइले आजको राजनीतिलाई गति दिएको छ । आजको मानिस सत्ताको भोगलाई उच्च मानेर गतिशील छ । आजको मानिसका लागि जनता, समाज, देशभन्दा आफू, आफन्त र धन उच्च रहेको छ । राजनीति स्वस्थ हुनुपर्छ, कर्तव्य पालन पहिलो आधार हो भन्ने रामका अभिव्यक्ति आजको राजनीतिका लागि कमजोर मानिएका छन् । रामको अभिव्यक्तिमा देशको हित, कर्तव्यको आधार मानिसको धर्म छ । मानिसलाई मानिस बनाउने आधार छ ।

त्यही आधारमा संसार चलेको पनि छ । जाबालिका अभिव्यक्तिमा स्वार्थ र आफ्नो दुनो सोझ्याउने प्रवृत्ति देखिएको छ । त्यसैले विश्व जाबालिको स्वार्थपरक राजनीतिमा चलेको छ । रामको कर्तव्य परायण राजनीतिलाई आजको समाजले कहिले पनि हेर्न सक्दैन । राजनीति स्वस्थ हुनुपर्नेमा रामका अभिव्यक्ति आएका हुन् । रामको जस्तो त्याग गर्न नसके पनि जाबालिको उपदेश जस्तो राजनीतिले देशको भलो हुँदैन ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । | **तुला** : आफन्तको प्रगतिमा मन रमाउनेछ। दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ । |
| **वृष** : घरमा अतिथिको आगमन हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : परिश्रम गर्दा बढी धनार्जन हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ। |
| **मिथुन** : स्वास्थ्यमा सुधार आउनेछ। आर्थिक कारोबारमा सुधार उन्मुख हुनेछ। | **धनु** : धार्मिक कार्यमा रुचि बढ्नेछ । प्रेमसम्बन्धका लागि श्रेष्ठ समय छ । |
| **कर्कट** : लेनदेनमा समस्या देखा पर्ला । योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। | **मकर** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । शरीरमा आलस्य आउला । |
| **सिंह** : वाहनमा खर्च बढ्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। | **कुम्भ** : कार्यमा सफलता नै मिल्नेछ । सुखदुःख बराबरी मध्यम खालको दिन छ। |
| **कन्या** : कुनै कुराले मनमा शान्ति छाउला। अचल सम्पत्ति हात पर्न सक्छ। | **मीन** : विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । दैनिक कार्यमा प्रगति हुनेछ । |

शिक्षा

# दरबन्दी नपाएपछि पठनपाठनमा समस्या



तुलसीपुर उपमहानगरपालिका-१२ स्थित पशुपति मावि हरिपौरीमा कक्षा ११ र १२ सञ्चालन भएको चार वर्षसम्म पनि दरबन्दी नपाएपछि पठनपाठनमा समस्या भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र अधिकारीका अनुसार हाल माविका लागि एकजना राहत र एकजना स्थायी शिक्षकमात्र रहेकाले पठनपाठनमा समस्या छ । ‘हामीले व्यवस्थापन संकाय चलाएको चार वर्ष भयो, अहिलेसम्म शिक्षक अभाव छ । एक राहत र एक जनामात्र स्थायी छन् हामीले निजी स्रोतबाट शिक्षक ल्याएर पढाउनुपर्ने अवस्था छ,’ उनले भने ।

निजी स्रोतका शिक्षकलाई वार्षिक रु ११ लाख तलब दिनुपर्ने अवस्था रहेको अध्यक्ष अधिकारीले बताए । अंग्रेजी शिक्षकलाई आंशिक रूपमा राखिएको छ । कक्षा ११ र १२ का विद्यार्थीबाट केही शुल्क लिने गरेको भन्दै त्यहीबाट नै तलब दिने गरिएको उनले बताए ।

निजी शिक्षकको तलबमा वार्षिक रु पाँच लाख घाटा भएको उनको गुनासो छ । अभिभावकको सहयोग र विद्यालयको जग्गा भाडाबाट उठेको रकमबाट उक्त घाटा पूर्ति हुने गरेको छ ।

यस विषयमा पटकपटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराइएको तर सुनुवाइ नभएको उनको दुखेसो छ । गरिब, पिछडिएका वर्ग र द्वन्दपीडितलगायत आर्थिक अवस्था कमजोर भएकालाई निःशुल्क पढाइने यो विद्यालयबाट एसइई उत्तीर्ण गरी कक्षा ११ मा भर्ना हुने तथा वडा कार्यालयले सिफारिस गरेका विद्यार्थीलाई निःशुल्क गर्ने निर्णय गरेको हो । *-रासस*

# शून्य कार्बन स्कुलको अवधारणा कार्यान्वयन



विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी जापानको शिक्षा मन्त्रालय र नागोया साङ्ग्यो विश्वविद्यालयद्वारा जलवायु परिवतर्नको सामना गर्न वातावरणीय साक्षरतालाई बढावा दिने र मूल्याङकन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ ।

जापानको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (एडिपोर्ट जापान) अन्तर्गत नागोया साङग्यो विश्विविद्यालय र पोखरास्थित पश्चिमाञ्चल विद्यालयबीच वायुमण्डलमा फैलिएको कार्बन डाइअक्साइडको अवस्था र वातावरणसम्बन्धी साक्षरता फैलाउने कार्यक्रमको समझदारीपत्रमा सम्झौता भएको छ । नेपालमा पहिलो पटक सञ्चालन भएको यो कार्यक्रम ताइवान, भियतनाम, इन्डोनेसिया र जापानका विभिन्न विद्यालयमा पनि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमले विद्यार्थीलाई वातावरणसम्बन्धी ज्ञानका साथै विश्वव्यापी रुपमा मुख्य चुनौतीको रुपमा रहेको जलवायु परिवर्तनका कारण सिर्जित असर, कार्बन डाइअक्साइडमा भएको वफि्द्धलगायतका विषयमा प्रयोगात्मक तरिकाबाट बुझाउन मद्दत गराउँछ । साथै, विद्यार्थीमा परिवतर्नका असर सामना गर्न र वातावरणीय साक्षरतालाई अभिवृद्धि गर्न सहयोग पुग्ने बताइएको छ ।

गण्डकी, बागमती र लुम्बिनी प्रदेशका पाँच जिल्ला कास्की, रूपन्देही, भक्तपुर, ललितपुर र बर्दियामा सञ्चालन गरिएको छ । गण्डकी प्रदेशमा पश्चिमाञ्चल माध्यमिक विद्यालय, अमरसिंह मावि, गण्डकी बोर्डिङ स्कुल, बागमतीमा एसओएस हेर्मन माइनर माध्यामिक विद्यालय सानोठिमी, युनाइटेड एकेडमी र लुम्बिनीमा शंकरनगर दुर्गादत्त माध्यामिक विद्यालय र जनता माध्यामिक विद्यालयमा यो कार्यक्रम लागू भएको छ । सम्झौता हस्ताक्षरपछि पश्चिमाञ्चल विद्यालयका प्राचार्य सरोज कोइरालाले नेपालमै पहिलो पटक जापान सरकारको प्रत्यक्ष सहभागितामा भएको कार्यक्रममा आफ्नो विद्यालयले सहभागी हुन पाउँदा खुसी लागेको र यसले विद्यार्थीको वातावररणप्रतिको सचेतना अझ बढ्ने मद्दत पुग्ने बताए ।

प्रयोगात्मक विधिबाट गरिने अध्ययनबाट विद्यार्थीले रुख, बिरुवा भएको ठाउँ, घना बस्तीबीचको कार्बनडाइअक्साइडको मात्रामा रहेको फरकबारे जानकारी पाउने उहाँको भनाइ छ । यसैबीच संयुक्त राष्ट्र सैले विश्वका देशलाई विद्यालयमा जलवायु परिवर्तनसम्बन्धी विषयलाई अनिवार्य बनाउन आह्वान गरेअनुसार नेपालमा पनि नमूनाको रुपमा केही विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गरिएको नागोया साङग्यो विद्यालयमा विद्यावारीधि गरिरहेका सन्जोक पौडेलले बताए । अनुसन्धानको क्रममा आफूले जापानका तीनवटा प्रान्तमा वायुमण्डलमा भएको कार्बर्नडाइअक्साइडको मात्राको अध्ययन गरी मौसम अनुसारको हुने परिवर्तन, हावाको गतिको असर तथा जैविक वातावरणमा कार्बर्नडाईअक्साइडको एकाग्रताको मापन गरी मौसम विज्ञान घटनाको प्रभावमा गरिरहेको अनुसन्धान नेपालका लागि उपयोगी हुने बताए । उनकै पहलमा देशका विभिन्न विद्यालयमा वातावरणीय शिक्षाअन्तर्गत शून्य कार्बन स्कुलको अवधारणा पहिलो पटक रूपन्देहीको तिलोत्तमा नगरपालिकास्थित शंकरनगर दुगार्दत्त माद्यामिक विद्यालयमा सञ्चालन गरिएको छ ।

शून्य कार्बन स्कुलको अवधारणाको शुभारम्भ गर्दै जापानका प्राडा इतोउ मासाकाजुले कार्बन तटस्थताको सम्भावना र कठिनाइहरूको जानकारी बालबालिकाको लागि निकै उपयोगी हुने विश्वास व्यक्त गरे । सो अवसरमा विद्यालयका प्रधानाध्यापक चण्ड पाण्डेले जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको अवस्थामा विद्यार्थीलाई विद्यालय तहदेखि नै जिरो कार्बन अवधारणाका बारेमा जानकारी गराउनु निकै उपयोगी रहेको बताए ।

*-इहिमालय टाइम्स डटकम*

# वरदान बन्दै त्रिविको अनलाइन कक्षा



कीर्तिपुरको एक विद्यालयमा अध्यापन गरिरहेका राजकुमार प्याकुरेल शिक्षा शास्त्र सङ्कायअन्तर्गत समाज शास्त्र (एमएसएसइडी) को अनलाइन कक्षा लिइरहेका छन् । थप शैक्षिक उपाधि चाहिएपछि भौतिक रुपमा कक्षामा उपस्थित हुन नसकेपछि उनी अहिले अनलाइन कक्षामा जोडिएर अध्ययन गरिरहेका छन् ।

कक्षामा भौतिक रुपमा उपस्थित हुन नसक्ने आफूजस्ता धेरैलाई त्रिभुवन विश्वविद्यालयले सुरु गरेको अनलाइन कक्षा निकै उपयोगी रहेको उनी बताउछन् । ‘टाढाबाट पनि पढ्न मिल्ने, दिउँसो आफू अरु काममा व्यस्त हुने हामी जस्तालाई यो कक्षा बरदान सवित भएको छ’, उनी भन्छन् । आफूहरु अनलाइन कक्षाको पहिलो समूह भएकाले पाठ्यपुस्तक हात नपरे पनि आफूले खोजर पढ्ने बानीको विकास भएको उनको भनाइ छ । अर्का विद्यार्थी ज्ञानु पहाडी अन्य पेसामा रहेका विद्यार्थीलाई काम नछोडी शैक्षिक उपाधि दिलाउन अनलाइन कक्षा राम्रो विकल्प भएको बताउछिन् । इन्टरनेट र उपयोगी मोबाइल फोन नहुँदा भने यो चुनौतीपूर्ण हुन जाने पनि उनको धारणा छ । कुनै दिन अनलाइनका कक्षा लिन नभ्याइएमा डिजिटल रेकर्ड हेरेर उक्त छुटेको कक्षा लिन सकिने उनी बताउछिन् । ‘हामीले विभिन्न स्रोतबाट अध्ययन सामग्री खोज्छौं र शिक्षकलाई देखाउँछौं । उनबाट यससम्बन्धी मार्गदर्शन पाएपछि त्यसै अनुसार सच्च्याउँछौं’ उनले भनिन् । समयसमयमा हुने बन्द हड्ताल, परीक्षा केन्द्र तोकिने, क्याम्पसको आन्तरिक विवाद आदि अनेकौं कारणले नियमित कक्षा नहुने, भएकै कक्षामा पनि विद्यार्थीको उपस्थित न्यून रहने गरेको छ । शिक्षकको अनुपस्थितिका कारण पनि कयौँ दिनसम्म कक्षा नहुने समस्या अनलाइन कक्षाले समाधान दिएको छ । भौतिक कक्षामा भन्दा अनलाइन कक्षामा हाजिर हुर्नुपर्ने, दिइएका गृहकार्य गर्नै पर्ने, तोकिएकै दिन बुझाउनै पर्ने र शिक्षक-विद्यार्थीका सबै गतिविधि श्रव्यदृश्य रेकर्ड हुने कारण सही अर्थको पठनपाठन हुने सम्बन्धित शिक्षक विद्यार्थी बताउँछन् । त्रिविमा अनलाइन कक्षाको सुरुआत कोभिड- १९ का कारण सन् २०२० को सुरुतिर अर्थात् बन्दाबन्दी हुनुभन्दा एक महिनअघि भएको हो । त्यतिबेला देशमा कतै पनि अनलाइन कक्षाबारे सोचाइ नै रहेको थिएन । त्यसबेला दूर शिक्षासम्बन्धी एक प्रयोगका रुपमा त्रिविको शिक्षा शास्त्र सङ्कायले एमएड तहको कार्यक्रम इन्टरनेट प्रविधिको माध्यमबाट सञ्चालन गर्ने तयारी गरिरहेको थियो । त्यसको केही महिनापछि नै बन्दाबन्दी भएकाले भौतिक उपस्थितिमा अध्ययन अध्यापन सम्भव भएन । त्यसपछि त अनलाइन कक्षा नै अनिवार्य विकल्प बन्न पुगेको थियो । विश्वविद्यालयदेखि विद्यालय तहसम्म अनलाइन कक्षाबाटै पठनपाठन हुन थाल्यो ।

**घरै बसेर विश्वविद्यालयको उपाधि**

पछिल्ला केही वर्षयता विश्वविद्यालयका विद्यार्थीहरुमा भर्ना हुने दिन क्याम्पस जाने र त्यसपछि एकैपटक जाँच दिने प्रवृत्ति बढ्दै गएको छ । आफ्नै बाध्यता वा क्याम्पसका कारण विद्यार्थीलाई भर्ना भएपछि कक्षा लिनुपर्छ भन्ने सोच विस्तारै हराउँदै जाँदा पछिल्लो समय विद्यार्थीको उपस्थिति पातलिँदै गएको छ । कतिपय विद्यार्थीमा पढ्नभन्दा अरु उद्देश्यले भर्ना हुने प्रवृत्ति नभएको होइन । त्यसैले कक्षामा देखिने संख्याभन्दा परीक्षा दिने बेलामा विद्यार्थीको संख्या उल्लेखनीय रूपमा बढी हुन्थ्यो । समेष्टर प्रणाली लागू भएपछि त्यो समस्या त समाधान भयो तर ८० प्रतिशत हाजिरी अनिवार्य, आन्तरिक मूल्याङ्कनको अङ्कभार नै ४० प्रतिशत गरिएका कारण विद्यार्थी संख्या नै घट्दै गयो । कक्षामै उपस्थित भएर पढ्न धेरै विद्यार्थीलाई समस्या रहेछ भन्ने देखियो । त्यसैले घर वा कार्यस्थलमै रहेर पनि विश्वविद्यालयका कक्षा लिन सकिने विकल्पको रुपमा अनलाइन कक्षाप्रति आकर्षण बढेको हुनसक्ने विश्वविद्यालयको शिक्षा शास्त्र सङ्कायअन्तर्गत राजनीतिक शास्त्र विभागका पूर्वप्रमुख केशवराज पौडेल बताउछन् । अनलाइनमा पढाउँदा हरेक कक्षाको डिजिटल रेकर्ड हुने भएकाले शिक्षकले पढाएको कुरा र विद्यार्थीले त्यस कक्षामा गरेको अन्तक्रियासमेतको अभिलेख बस्छ । ‘विद्यार्थी र शिक्षक कसैले पनि ढाट्न सक्ने अवस्था रहँदैन’, उनले भने । यसका साथै विद्यार्थीले दिइएका गृहकार्य तत्काल बुझाउनु पर्ने र शिक्षकले त्यसमाथि गरेको मूल्याङ्कन पनि डिजिटलमै राख्नुपर्ने भएकाले अन्यथा नहुने हुँदा यसको प्रभावकारिता रहेको उनको भनाइ छ । कक्षामा विद्यार्थीको उपस्थिति, उसको सक्रिय सहभागिता, आन्तरिक मूल्याङ्कन र दिइएका अङ्कबारे कसैले प्रश्न उठाएमा वा उजुरी परेमा समेत श्रब्यदृष्यसहितको प्रमाण पेश गर्न सकिने उनी बताउछन् ।

**काम गर्दै डिग्री खोज्नेहरुका लागि उपयोगी**

अनलाइन कक्षा एउटा एनरोइड मोबाइल वा ल्यापटप कम्प्युटरको माध्यमबाट इन्टरनेट पुगेको देशको जुनसुकै कुनाबाट पनि लिन सकिन्छ । काम वा अन्य कारणले आफू बसेको स्थान छोडेर विश्वविद्यालयका कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीका लागि निकै प्रभावकारी रहेको प्राध्यापक पौडेलको भनाइ छ । ‘खासगरी आफ्नो शैक्षिक योग्यता बढाउन चाहने तथा कक्षामा उपस्थित हुन नसक्नेलाई यसले उपयुक्त विकल्प दिन्छ’, उनले भने । विगतमा जागिरेहरुले काम गर्दै पढ्दा कतिपय अवस्थामा कक्षा लिएको र कार्यालयमा हाजिर गरेको दिन एउटै परेर समस्या सिर्जना हुने र अख्तियारमा उजुरी समेत लाग्ने गरेको समेत उनले उल्लेख गरे । ‘तर यसमा अनलाइन कक्षा भनेरै शैक्षिक उपाधि दिइने हुँदा कर्मचारीले कार्यालय समयमा पढ्न गएको वा कक्षा नलिई शैक्षिक उपाधि लिएको भन्ने दोष रहँदैन’, उनले थपे । विद्यार्थीले घरमा, यात्रामा वा कुनै पनि ठाउँमा कक्षा लिन सक्दछन् ।


**घरपायक परीक्षा केन्द्र**

भौतिक कक्षामा जस्तो पढेका क्याम्पसका लागि तोकिएकै केन्द्रमा पुग्नुपर्ने बाध्यता पनि यसमा विद्यार्थीलाई छैन । नयाँ कार्यविधिअनुसार विद्यार्थीले आफूलाई पायक पर्ने ठाउँको स्नातकोत्तर तह अध्ययन हुने क्याम्पसमा गएर यसको प्रवेश परीक्षा दिन पाउँछन् । देशभर एक सय आठ स्थानमा रहेका क्याम्पसमध्ये कुनै पनि क्याम्पसबाट उक्त परीक्षा दिन सकिन्छ । शुरुमा भर्ना हुन भने विद्यार्थीले विभागसँग समन्वय गर्नुपर्छ । भर्नापछि प्रत्येक समेष्टरको शुरुमा र अन्तिम परीक्षाअघि गरी दुईपटक प्रत्यक्ष उपस्थितिको कक्षा सञ्चालन गरिन्छ । यसबाट शिक्षक-विद्यार्थीबीच राम्रोसँग अन्तक्रिया हुनेछ । कक्षाका लागि शुरुमा माइक्रोसफ्ट एप्लिकेशनबारे विद्यार्थीलाई जानकारी दिइन्छ । त्यसपछि उनीहरुलाई कक्षामा कसरी बस्ने, आएका डिजिटल पाठ्यसामग्रीलाई कसरी लिने र गृहकार्य सम्बन्धित शिक्षकलाई कसरी बुझउने भन्ने पनि सिकाइन्छ । साथै विद्यार्थीले आफूले दिएको उत्तर र त्यसबापत शिक्षकले दिएको अङ्क तत्काले हेर्न र थप छलफल गन पाउँछ । अनलाइन कक्षा पढने त्रिविका विद्यार्थीलाई अहिले माइक्रोसफ्टले एक टेराबाइट स्थान उपलब्ध गराएको छ । इन्टरनेटकै माध्यमबाट विद्यार्थीले त्रिविको केन्द्रीय पुस्तकालय, भारतको दिल्ली विश्वविद्यालय, जवाहरलाल नेहरु विश्वविद्यालयलगायत थुपै देशका विश्वविद्यालयका दुई लाखभन्दा बढी डिजिटल स्रोतको प्रयोग गर्न सक्नेछन् । अनलाइन कक्षाको सुविधाका कारण शिक्षा शास्त्र, राजनीति शास्त्र, अंग्रेजी, नेपाली, समाजशास्त्रअन्तर्गतका १५ वटा विषय विभागहरुले अनलाइन कक्षा शुरु गरेका छन् । सबैतिर गरी हाल तीन सय जनाभन्दा बढी विद्यार्थी अनलाइन कक्षामा जोडिएका छन् । यसको प्रभावकारिता देखेर विज्ञान जस्ता प्रयोगशाला आवश्यक भएका विषयबाहेक त्रिविका अन्य संस्थान र सङ्कायले पनि अनलाइन कक्षा सुरु गर्न खोजेको प्राध्यापक पौडेलले जानकारी दिए । शिक्षा शास्त्र सङ्काय प्रमुख प्राध्यापक डा शम्भु खतिवडाका अनुसार गत वर्ष शिक्षाशास्त्र सङ्कायकै अंग्रेजी र गणित कार्यक्रममा अनलाइन माध्यमबाट भर्ना लिन शुरु गरिएको हो । स्नातकोत्तर तहको सामाजिक अध्ययनमा भने प्रत्यक्ष भर्ना मात्र लिइएको थियो । राजनीतिक सङ्कायले बल गरेरै अनलाइन चलाउँदा विद्यार्थी संख्या पाँचबाट बढेर ५५ पुग्यो । अहिले त्रिविमा सामाजिक अध्ययनको तेस्रो वर्ष चलिरहेको छ । पहिलो वर्षमा एक सय २०, दोस्रोमा एक सय ३५ र तेस्रा वर्षमा ६० जना भर्ना भएर परीक्षा समेत दिइसकेका छन् ।

**भौतिक व्यवस्थापन मुख्य चुनौती**

प्रविधिकै सहयोगमा चलाउनु पर्ने हुँदा अनलाइन कक्षा सञ्चालन त्यति सजिलो भने छैन । विद्यार्थी र शिक्षक दुवैसँग अनलाइन कक्षाका लागि उपयुक्त हुने स्मार्टफोन वा ल्यापटपसँगै भरपर्दो इन्टरनेट अनिवार्य हुन्छ । पढाउन सर्वाधिक सहज हुने स्मार्टबोर्ड नै चाहिने हो तर ती सबै कुरा सबै ठाउँमा सहज हुँदैन, शिक्षकको व्यक्तिगत ल्यापटप प्रयोग गरेर यो सबै गरिरहेका छौं”, प्राध्यापक पौडेल भन्छन् ।

प्रत्यक्ष कक्षा लिनका लागि त्रिविले नियुक्त गरेका शिक्षक र प्राध्यापकहरुलाई अनलाइन कक्षाका लागि अनुकूल हुने गरी आवश्यक तालिम दिनुपर्ने हुन्छ । अनलाइन कक्षाको अर्थ इन्टरनेटमार्फत जोडिनु मात्र नभई कक्षालाई कसरी सहज ढङ्गले सञ्चालन गर्ने, विद्यार्थीलाई गृहकार्य र पाठ्यसामग्री कसरी दिने आदि विषयमा पनि व्यावसायिक तालिम दिनुपर्ने हुन्छ । ‘कक्षालाई बढीभन्दा बढी अन्तर्क्रियात्मक बनाउन शिक्षकलाई प्रविधिसँग पूर्ण अभ्यस्त बनाउनैपर्छ’, डा खतिवडा बताउछन् । प्रविधिमा अभ्यस्त भएका शिक्षकले प्रभावकारी कक्षा लिएको तर अभ्यस्त नभएका कतिपय शिक्षाकलाई प्रस्तुतीकरणमा समस्या रहेको उनको भनाइ छ । त्रिविको नियमित बजेटबाट अनलाइन कक्षाका सबै आवश्यकता पूरा गर्न सम्भव नभएको डा.खतिवडा बताउछन् । *-रासस*



तानसेनका सडकमा बिक्रीका लागि राखिएका तिहारका सामग्री । तिहार नजिकिसँगै यहाँका सडकपेटीदेखि ठूला ठूला पसलहरुमा तिहारका सामान बिक्रीका लागि राखिएको छ । *तस्वीर : सीमा भट्टराई/एनजेडी*

# नेपाली काँग्रेसको रुरु-रेसुङ्गा प्रशिक्षण अभियान सुरु

**गुल्मी,** कार्तिक ११/नेपाली काँग्रेस गुल्मीको रुरु-रेसुङ्गा प्रशिक्षण अभियान सुरु भएको छ । स्थानीय तहका अगुवा कार्यकर्तालाई प्रशिक्षणका माध्यमबाट क्रियाशिल बनाई पार्टी संगठनलाई बलियो बनाउन आइतबारदेखि अभियान सुरु भएको हो ।

नेपाली काँग्रेस रुरु क्षेत्र गाउँ कार्यसमितिको आयोजनामा भएको प्रशिक्षण कार्यक्रमलाई नेपाली काँग्रेसका केन्दीय सदस्य तथा गुल्मी क्षेत्र नं. १ संघीय सांसद डा. चन्द्र भण्डारीले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै नेता भण्डारीले प्रशिक्षणको माध्यामबाट संगठन विस्तारलाई अगाडि बढाउनु पर्ने भएको बताए । उनले प्रशिक्षणले मात्र पार्टी संगठन बलियो हुने उल्लेख गरे । कार्यक्रमका विशिष्ठ अतिथि नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमर सिंह पुनले गाउँ-गाउँसम्म संगठन विस्तारका लागि उत्प्रेरणा जगाउनका लागि प्रशिक्षण आवश्यक रहेको बताए । कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका प्रशिक्षण विभागका प्रमुख भुवनप्रसाद श्रेष्ठ, जिल्ला सभापति खिलध्वज पन्थी, प्रशिक्षण शाखाका प्रमुख अनन्तराम पौड्याल, सचिव जगदीश भट्टराई, भगत सिंह खड्का, राष्ट्रियसभाका सांसद विष्णु सापकोटा, जिल्ला कार्यसमितिका सदस्य हेमन्ता अर्याल लगायतका विभिन्न नेताले विभिन्न विषयमा प्रशिक्षण दिने छन् । यहाँ प्रशिक्षण दुई दिनसम्म चल्ने छ । प्रशिक्षण विभागका प्रमुख अनन्त राम पौडेलको सभापतित्व, रुरु गाउँ समितिका उपसभापति मधु ज्ञवालीको सञ्चालनमा



उद्घाटन कार्यक्रम भएको थियो । नेपाली काँग्रेस गुल्मीको कार्तिक ६ गतेको बैठकले गरेको निर्णयलाई कार्यान्वयन गर्ने क्रममा कार्तिक ११ देखि मंसीर २९ गते सम्म जिल्लाका दुई नगरपालिका र १० गाउँपालिका गरि १२ वटै स्थानीयतहका अगुवा कार्यकर्तालाई प्रशिक्षित गर्ने निर्णय गरेको थियो ।

## सूचना ! सूचना !! सूचना !!!!

गुठी संस्थान केन्द्रीय कार्यालयको पत्र साथै यस व्यवस्थापन समिति, टोलवासी/नारायण युवाक्लव, ब्राह्मण समाज र टोल विकास समितिका प्रतिनिधिहरुको गत आश्विन ११ गते बसेको बैठकको निर्णय अनुसार नयाँ व्यवस्थापन समिति गठन गर्न सरोकारवालाहरुको भेला बोलाउने निर्णय भए अनुरुप यही कार्तिक ३० गते शुक्रबार निम्न स्थान र समयमा गुठीका मोहीहरु, टोलवासीहरु र संवद्ध सरोकारवालाहरुको उपस्थितिका लागि अनुरोध छ ।

**स्थान :** तानसेन न.पा.को सभाहल

**समय :** दिनको ठीक १:०० बजे

**नारायण प्रसाद कोइराला**
**अध्यक्ष एवं**
**श्री ७ अमरनारायण गुठी व्यवस्थापन समिति**
**तानसेन, पाल्पा**

## खेलकुद समाचार

# भुटानलाई हराउँदै बङ्गलादेश फाइनलमा



**काठमाडौं,** कार्तिक ११/भुटानलाई हराउँदै साविक विजेता बङ्गलादेश दक्षिण एशियाली फुटबल महासै (साफ) महिला च्याम्पियनशिप फुटबलको फाइनलमा पुगेको छ ।

त्रिपुरेश्वरको दशरथ रङ्गशालमा आइतबार भएको पहिलो सेमिफाइनलमा बङ्गलादेशले भुटानलाई ७-१ गोलले हरायो । बङ्गलादेशकी तोहुरा खातुनले ह्याट्रिक गरिन् । यस्तै सबिना खातुनले २ तथा रितु पोरन चक्मा र मसुर प्रभीनले समान १ गोल गरे । भुटानकी देकी ल्हजोमले १ गोल फर्काइन् । बङ्गलादेश समूह 'ए' को विजेता र भुटान समूह 'बी' को उपविजेता बन्दै सेमिफाइनलमा पुगेका हुन् । नेपाल समूह 'बी' को विजेता बन्दै र भारत समूह 'ए' को उपविजेता बन्दै सेमिफाइनलमा पुगेका हुन् । प्रतियोगिताको फाइनल खेल आउँदो बुधवार हुनेछ ।

## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

मिति २०८१ साल वैशाख ०५ गतेका दिन तानसेनदेखि पोखरास्थित पेन्सन क्याम्प जाने क्रममा गाडीबाट ओर्ली आर्यभञ्जयाङ्गमा नास्ता खाने क्रममा तानसेन नगरपालिका -१, भुसलडाँडा बस्ने भारतीय भू.पू सैनिक २/९ जी.आर एक्स नं. ५८३७५६५ रा.मै नर बहादुर थापाको झोला सहित डिस्चार्ज सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम :** नर बहादुर थापा
**ठेगाना :** तानसेन नगरपालिका -१, भुसलडाँडा
सम्पर्क नम्बर : ९८६७२४४८३०

## वर्गिकृत डिस्प्ले

*१X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नौं अंकले घट्यो नेप्से



**पाल्पा,** कार्तिक ११/ शेयर कारोबारको पहिलो दिन नेप्से परिसूचक घटेको छ । आइतबार ९ दशमलव १९ अंकले नेप्से घटेको हो ।

नेप्से घटेर २ हजार ६ सय १७ दशमलव ९५ विन्दुमा ओर्लेको छ । अघिल्ला दुई कारोबार दिन लगातार घटेको नेप्सेले आइतबार पनि सोही प्रवृत्ति पछ्याएको हो । सोही अवधिमा कारोबारमा आएकामध्ये ९१ कम्पनीको सेयर मूल्य बढ्दा १ सय ४१ कम्पनीको घट्यो । बाँकी ११ कम्पनीको सेयर मूल्य स्थिर छ । सो दिन ५६ हजार ६ सय ४६ पटकको कारोबारमा १ करोड ११ लाख ३४ हजार १ सय ७८ कित्ता सेयर किनबेच भए ।

ती किनबेचमा ४ अर्ब ७३ करोढ २४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । कारोबारमा आएको १३ उपसमूहमध्ये बैकिङ, विकास बैंक, लगानी, उत्पादन तथा प्रशोधन, उत्पादन तथा प्रशोधन, लघुवित्त, सामुहिक लगानी कोष, निर्जीवन बिमा र अन्यका परिसूचक घटे । बाँकी उपसमूहको परिसूचक बढे । एकल अंकले घटेको बजारमा चार कम्पनीको सेयर सकारात्मिक सर्किट लेभलमा कारोबार भयो । लाइफ इन्स्योरेन्स कर्पोरेसन, रिभर फल्स पावर, माइ खला हाइड्रोपावर र समृद्धि फाइनान्सको सेयर १० प्रतिशतल बढेको हो । कारोबार रकमका आधारमा आईसीएफस फाइनान्स शीर्षस्थानमा रह्यो । सो कम्पनीको ३२ करोड मूल्य बराबरको सेयर कारोबार भयो । यसैगरी नेपाल एसबीआई बैंकको २१ करोडको सेयर कारोबार भयो ।

सिईडीबी हाइडरोपावर डेभलपमेन्ट, नेपाल फाइनान्स र समृद्धि फाइनान्सले १८/१८ करोडको सेयर कारोबार गरे। कारोबारमा आएका स्टक्समध्ये ९१ वटाको मूल्य बढ्दा १ सय ४१ वटाको घट्यो । बाँकी ११ वटामो मूल्य भने स्थिर रह्यो । पाँचवटा समूहको उपसूचक बढ्दा ८ वटाको घट्यो ।

## कर्मचारी आवश्यकता

*सूचना प्रकाशन मिति : २०८१/०७/११*

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागि २ (दुई) जना तपसिलमा उल्लेखीत शिक्षक ईन्स्टिच्युटमा आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले मिति ०८१/०७/२० गते भित्र यहाँ आई दरखास्त दिनु हुन जानकारी गराईन्छ ।
विज्ञापन न.२-०८१/०८२

**तपसिल :**

**पद :** प्रशिक्षक, **संख्या :** १, **उमेर :** २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट B.S.C Nursing (BN) वा H.A पछि BPH गरेको ।
**पद :** सहायक प्रशिक्षक, **संख्या :** १, **उमेर :** २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा (H.A) विषय पास गरेको ।

**दरखास्त बुझाउने मितिः** २०८१ कात्तिक २० गते सम्म,
**तलब :** ईन्स्टिच्युटको नियमानुसार, **परीक्षाको किसिम :** अन्तर्वार्ता,
**दरखास्त दस्तुर :** ५००/-

**आवश्यक कागजातहरु :**
१. निवेदन साथ आफ्नो वायोडाटा (Bio - Data ) - १/१ प्रति
२. पासपोर्ट साइजको फोटो - दुई प्रति
३. नेपाली नागरीकताको प्रतिलिपि - १ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपिहरु - १/१ प्रति
५. कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु - १/१ प्रति
६. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु - १/१ प्रति
७. शिक्षण क्षेत्रमा अनुभव भएकालाई दक्षता हेरी प्राथमिकता दिइनेछ ।
८. अन्तर्वार्ताको मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**तानसेन-२, मेहलधारा, पाल्पा**
फोन नं. ०७५-५२०७१४, ९८५७०६०३४६, ९८४७०२९८१६

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई